आज मिति २०८०।०३।१७ गते आइतबारका दिन दिनको १:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०७९/८० को २७ औं बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य -सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

१) रमेश थापा, सू.प्र.अ.

२) प्रेम पराजुली, लेखापाल

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

**गण्डकी प्रदेश, नेपाल ।**

कार्यपालिका बैठक मिति : २०८०।०३।१७ गते

समय : दिनको १:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्विकृत मिति : २०८०।०३।१२ गते

**छलफलका एजेण्डाहरु:**

प्रस्ताव नं. १ पूर्व निर्णयको समीक्षा सम्बन्धमा,

प्रस्ताव नं. २ घर भाडा वृद्धिको निवेदन सम्बन्धमा,

प्रस्ताव नं ३ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्बन्धमा,

प्रस्ताव नं ४ यातायात गुरुयोजना सम्वन्धमा,

प्रस्ताव नं ५ जग्गाको न्यूनतम मुल्याङ्कन सम्बन्धमा,

प्रस्ताव नं. ६ विभिन्न कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण सम्बन्धमा :

१. संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यविधि
२. सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि
३. सूचना तथा अभिलेख केन्द्रको स्थापना सम्बन्धी कार्यविधि
४. एम्बुलेन्स सञ्चालन कार्यविधि (संशोधन), २०८०

प्रस्ताव नं ७ : विविध ।

**निर्णय नं १:**

प्रस्ताव नं. १ उपर छलफल गर्दा गाउँ कार्यपालिकाबाट भएका पूर्व निर्णयहरुको समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यन्वयन भएको पाइयो ।

**निर्णय नं २:**

प्रस्ताव नं. २ उपर छलफल गर्दा अध्यक्षको आवासको प्रयोजनको निम्ती भाडामा लिएको श्री पुष्पक तिलिजाको घरको भाडाँ आगामी आ.व. २०८०।८१ साउन १ देखि लागू हुने हालको रकममा १५ % वृद्धि गरी भुक्तानी गर्ने ।

**निर्णय नं ३:**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं ४, ४-सुजन-०७९/८० मिति २०८०।०३।०६, च.न. ६३०८२ को पत्रमा 'स्थानीय तहहरुले सडक निर्माण गर्नका लागि बजेट विनियोजन गर्नु पूर्व सडक बनाउने जग्गाको स्वामित्व सरकारको नाममा भए/नभएको यकिन गर्ने/गराउने तथा जग्गाको स्वामित्व सरकारको नाममा आएपछि मात्र बजेट विनियोजन गर्ने/गराउने।' सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा मिति २०८०।०१।१० को कार्यपालिका बैठकको निर्णयानुसार कार्य प्रारम्भ गरी श्री Scholars Consult संग रु १०,९२,२५८।— (अक्षेरुपी दश लाख बयानब्वे हजार दुइ सय अन्ठान्न मात्र ) सम्झौता भई कार्यसम्पन्न भएकाले 'अन्नपुर्ण गाउँपालिकाको यातायात गुरुयोजना २०८०' पारित गर्ने। साथै उक्त परामर्श सेवाको सम्झौता अनुसारको रकम भुक्तानी गर्ने ।

**निर्णय नं. ५**

प्रस्ताव नं ५ उपर छलफल गर्दा अन्नपुर्ण गाँउपालिका भित्रको जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धित वडा समितिले गरेको सिफारिस अनुसार तपसिल बमोजिम कायम गरी मालपोत कार्यालय म्याग्दीमा पठाउने ।

तपसिल :

वडा नं १ दोवा :

१ खेत बारी तर्फः

| खेत तर्फ | | | | बारी तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७०,००० | ६०,००० | ५०,००० | ४०,००० | ५०,००० | ४०,००० | ३०,००० | २०,००० |

२) म्याग्दी जिल्ला साविक दोबा गा.वि.स. हाल अन्नपूर्ण गाउँपालिका वडा नं. १ मा पर्ने भिरकाटेदेखि अन्नपूर्ण अस्पताल बुगारसम्म मुल मोटरबाटोसँग जोडिएको घडेरी योग्य जग्गा (भिर पहिरो वाहेक) प्रतिरोपनी रु. २५००००० /-(अक्षरुपी पच्चीस लाख रुपैया मात्र) ।

३) म्याग्दी जिल्ला साविक दोबा गा.वि.स. हाल अन्नपूर्ण गाउँपालिका वडा नं. १ मा पर्ने भिरकाटेदेखि अन्नपूर्ण अस्पताल बुगारसम्म मुल मोटरबाटोसँग नजोडिएको घडेरी योग्य जग्गा (भिर पहिरो वाहेक) प्रतिरोपनी रु. १७,००,००० /-(अक्षरुपी सत्र लाख लाख रुपैया मात्र) ।

४) म्याग्दी जिल्ला साविक दोबा गा.वि.स. हाल अन्नपूर्ण गाउँपालिका वडा नं. १ मा पर्ने अन्नपूर्ण अस्पताल बुगारदेखि माथि छापो सेतोतोसम्म मुल मोटरबाटोसँग जोडिएको घडेरी योग्य जग्गा (भिर पहिरो वाहेक) प्रतिरोपनी रु. १५,००,००० /-(अक्षरुपी पन्ध्र लाख रुपैया मात्र) ।

५) म्याग्दी जिल्ला साविक दोबा गा.वि.स. हाल अन्नपूर्ण गाउँपालिका वडा नं. १ मा पर्ने अन्नपूर्ण अस्पताल बुगारदेखि माथि छापो सेतोतोसम्म मुल मोटरबाटोसँग नजोडिएको घडेरी योग्य जग्गा (भिर पहिरो वाहेक) प्रतिरोपनी रु. १२,००,००० /-(अक्षरुपी बाह्र लाख रुपैया मात्र) ।

६) म्याग्दी जिल्ला साविक दोबा गा.वि.स. हाल अन्नपूर्ण गाउँपालिका वडा नं. १ मा पर्ने अन्नपूर्ण सेतोतोदेखि पूरानो गाउँ जामु क्षेत्र मुल मोटरबाटोसँग जोडिएको घडेरी योग्य जग्गा (भिर पहिरो वाहेक) प्रतिरोपनी रु. ८,००,००० /-(अक्षरुपी आठ लाख रुपैया मात्र) ।

७) म्याग्दी जिल्ला साविक दोबा गा.वि.स. हाल अन्नपूर्ण गाउँपालिका वडा नं. १ मा पर्ने अन्नपूर्ण सेतोतोदेखि पूरानो गाउँ जामु पैरे क्षेत्र मुल मोटरबाटोसँग नजोडिएको घडेरी योग्य जग्गा (भिर पहिरो वाहेक) प्रतिरोपनी रु. ५,००,००० /-(अक्षरुपी पाँच लाख रुपैया मात्र) ।

वडा नं २ भुरुङ तातोपानी :

१) अन्नपूर्ण २ को नौनिवगर देखि तातोपानी बजार क्षेत्रको मुलबाटो जोमसोम सडकमा पर्ने क्षेत्रको घडेरी योग्य जग्गा प्रति रोपनी- रु ३०,००,०००/- (अक्षेरुपी तीस लाख)

२) अन्नपूर्ण २ जोमसोम सडक देखि बेंसी क्षेत्रको (भिर पहिरो बाहेक) घडेरी योग्य जग्गा प्रति रोपनी रु २०,००,०००/- ( अक्षेरुपी बीस लाख)

३) भुरुङ तातोपानी बेंसी देखि चिसोपानी मान्द्रेढुङ्गा हुदै ओख्लेडाँडासम्मको मोटरबाटोको दाँया बाँया( भिर पहिरो बाहेक) घडेरी योग्य जग्गा प्रतिरोपनी रु १२,००,०००/- (अक्षेरुपी बाह्र लाख)

४) अन्नपूर्ण २ ठुलोबगर क्षेत्र मोटरबाटोको दायाँ बायाको योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु १२,००,०००/- (अक्षेरुपी बाह्र लाख)

५) कटौजे र गाडापानी क्षेत्र अन्नपूर्ण २ को मोटरबाटोले छोएको दाया बायाको घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु ८,००,०००/- (अक्षेरुपी आठ लाख )

वडा नं ३ दानाः

१) भुरुङ तातोपानी देखी दाना सुरु कोरोला सडक दाना बजार हुदै टाँटीटोल सम्मको सडक दायाँ बायाँको प्रति रोपनी २०,००,०००/- (अक्षेरुपी बीस लाख)

२) साविक दाना-३मा पर्ने ठाँडोखोला देखि उत्तर दाना बजार, गाडपार तर्ने पुलसम्म पुरानो मुलबाटो तथा हालको मोटरबाटो दायाँबायाँ पर्ने घडेरी योग्य जग्गा प्रति रोपनी रु २२,००,०००- (अक्षेरुपी बाईस लाख)

३) लाठोखोला देखि काभ्रेसम्म जोमसोम कोरला सडक दायाँ बायाँ घडेरी योग्य जग्गा प्रति रोपनी रु १८,००,०००/- (अक्षेरुपी अठार लाख)

४) लाठोखोला देखि काभ्रेसम्म कोरला सडक बाहेक सुवा, फगाम, दुवारी, लिग्म, डाँडागाउँ कोट ठारा काभ्रेमा रहेको अब्बल जग्गा प्रति रोपनी १०,००,०००/- (अक्षेरुपी दस लाख)

५) लाठोखोला देखि काभ्रेसम्म कोरला सडक बाहेक सुवा, फगाम, दुवारी, लिग्म, डाँडागाउँ कोट ठारा काभ्रेमा रहेको दोयम, सिम, चार जग्गा प्रति रोपनी ७,००,०००/- (अक्षेरुपी सात लाख)

वडा नं ४ नारच्याङ

१) नागढुङ्गा देखि नारच्याङ बेशी हुदै लेक गाउँसम्मको मोटरबाटोको दायाँ बायाँको घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु २०,००,०००/- ( अक्षेरुपी वीस लाख)

२) नागढुङ्गा हुदै मिस्तारा-पटार-धराप तथा बास्कोट सम्म सडक क्षेत्रको दायाँबायाँ घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु २०,००,०००।— (अक्षेरुपी बीस लाख)

३) नागढुङ्गा हुदै मिस्तारा-पटार-धराप-गाडपार हुदै कोप्चेपानी भालाबाया सम्मको मोटरबाटो दायाँबायाँको घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु २०,००,०००/- (अक्षेरुपी बीस लाख)

४) अन्नपूर्ण गाउँपालिका वडा नं ४ नारच्याङमा उल्लेखित मोटरबाटोले नछोएको जग्गाहरुको प्रति रोपनी मुल्य रु १२,००,००००/- ( अक्षेरुपी बाह्र लाख )

वडा नं ५ शिख

१) साविक शिख गा.वि.स अन्तर्गतको चितेखोला देखि मुलपानी सम्मको मोटरबाटोको दायाँ र बायाँको घडेरी योग्य जग्गा (भिर पाँखो बाहेक) प्रति रोपनी रु ६,७१,०००।— (अक्षेरुपी छ लाख एकहत्तर हजार)

२) मुलपानी-घोप्टेखर्क-फलाटेसम्मको मोटरबाटोको दायाँ र बायाँको घडेरी योग्य जग्गा (भिर पाँखो बाहेक) प्रति रोपनी रु ६,७१,०००।— (अक्षेरुपी छ लाख एकहत्तर हजार)

३) स्वात देखि पाउद्वार सम्मको मोटरबाटोको दायाँ र बायाँको घडेरी योग्य जग्गा (भिर पाँखो बाहेक) प्रति रोपनी रु ४,०७,०००।— (अक्षेरुपी चार लाख सात हजार)

वडा नं ६ घार

१) अब्बल खेत प्रति रोपनी रु ५३,९००।— (अक्षेरुपी त्रीपन्न हजार नौ सय),

२) दोयम खेत प्रति रोपनी रु ४२,९००।— ( अक्षेरुपी बयालिस हजार नौ सय),

३) सिम खेत प्रति रोपनी रु ४०,६००।— (अक्षेरुपी चालिस हजार छ सय),

४) चार खेत प्रति रोपनी रु ३४,१००।— (अक्षेरुपी चौतिस हजार एक सय),

५) अब्बल बारी प्रति रोपनी रु ४०,७००।— (अक्षेरुपी चालिस हजार सात सय),

६) दोयम बारी प्रति रोपनी रु ३४,१००।— (अक्षेरुपी चौतिस हजार एक सय),

७) सिम बारी प्रति रोपनी रु २७,५००।— (अक्षेरुपी सत्ताइस हजार पाँच सय),

८) खर बारी प्रति रोपनी रु २०,१००।— ( अक्षेरुपी बीस हजार एक सय),

९) बेनी जोमसोम सडक खण्ड क्षेत्र अन्तर्गत पोखरेवगर क्षेत्रमा सडकले छोएको प्रति रोपनी रु २१,०९,०००।— (अक्षेरुपी एक्काईस लाख नौ हजार)

१०) पोखरेवगर क्षेत्रमा मुल सडक बाहेकका भित्री जग्गाहरु प्रति रोपनी रु १०,६७,०००।— (अक्षेरुपी दस लाख सतसठ्ठी हजार।)

११) घोरेपानी बजार भित्रका जग्गाहरु प्रति रोपनी रु १३,३१,०००।— ( अक्षेरुपी तेह्र लाख एकतिस हजार)

१२) रातोपानी-धिरच्याङ क्षेत्रमा मोटरबाटोले छोएको जग्गाहरु प्रति रोपनी रु १६,०६,०००।— (अक्षेरुपी सोह्र लाख छ हजार)

१३) घोरेपानी-कुटुका-खिवाङ मोटरबाटोले छोएका जग्गाहरु प्रति रोपनी रु ४,०३,०००।— (अक्षेरुपी चार लाख तीन हजार)

१४) विरौटाचोक, झोरपाट, मैदान खारीसम्म मोटरबाटोले छोएका जग्गा प्रति रोपनी रु ४,०३,०००।— (अक्षेरुपी चार लाख तीन हजार)

१५) विरौटा ,इनारा, भुवानीथान, गतेपाटा घार गाउभित्र मोटरबाटोले छोएको जग्गा प्रति रोपनी रु ६,०१,०००।— (अक्षेरुपी छ लाख एक हजार )

१६) घार देखि खिवाङ हुदै शिखको सिमानासम्म मोटरबाटोले छोएको जग्गा प्रति रोपनी रु ५,०१,०००।— (अक्षेरुपी पाँच लाख एक हजार )

वडा नं ७ हिस्तान :

१) साविक हिस्तान गा.वि.स.मा पर्ने गाविसमा पर्ने महभिर देखि दोसल्ले सम्मको मोटरबाटोको दायाँबायाँ पर्ने घडेरी योग्य जग्गा प्रतिरोपनी रु ६,०५,०००। ( अक्षेरुपी छ लाख पाँच हजार मात्र)

२) साविक हिस्तान गाविसको महभिरमा पर्ने बेनी जोमसोम सडक खण्डको मोटरबाटोमा पर्ने दायाँबायाँ पर्ने घडेरी योग्य जम्मा (भिर पहिरो बाहेक) प्रति रोपनी रु ९,३५,००।— (नौ लाख पैतिस हजार मात्र )

३) पहिरा गाउँदेखी हिस्तान रिमा-औला-घराम्दी सम्मको मोटरबाटोमा पर्ने दायाँ बायाँ पर्ने घडेरी योग्य जम्मा (भिर पहिरो बाहेक) प्रति रोपनी रु४,०७,००।— (चार लाख सात हजार मात्र )

४) महभिरबाट हिस्तान टिकोट सम्मको मोटरबाटोमा पर्ने दायाँबायँ पर्ने घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु४,०७,००।— (चार लाख सात हजार मात्र )

वडा नं ८ राम्चे

१) हिस्तान राम्चे सडकले छोएको (भिर पहिरो बाहेक ) आ.व. २०७९।८०मा मुल्याङ्कन अनुसार ५ % को दरले वृद्धि गर्ने

२) आ.व. २०७९।८० भन्दा पहिला विस्तार भएका शाखा सडकहरुको हकमा आ.व. २०७९।८० कै न्युनतम मुल्याङ्कन कायम गर्ने ।

३) मोटरबाटोले नछोएको सम्पूर्ण जग्गाहरुमा गत आ.व. २०७९।८० को न्यूनतम मुल्याङ्कनमा १० प्रतिशतले वृद्धि गर्ने ।

**निर्णय नं. ६**

प्रस्ताव नं ६ उपर छलफल गर्दा तपसिलका कार्यविधि पारित गर्ने ।

१) संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी कार्यविधि, २०८०

२) सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि,२०८०

३) सूचना तथा अभिलेख केन्द्रको स्थापना सम्बन्धी कार्यविधि, २०८०

४) एम्बुलेन्स सञ्चालन कार्यविधि, (संशोधन), २०८०

**निर्णय नं. ७**

विविध प्रस्ताव उपर छलफल गर्दा देहायको निर्णय गरियो ।

१) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. २०७९।८०, चलानी नं ५१३, मिति २०८० असार ७ गतेको पत्रको सुझाव कार्यन्वयन सम्बन्धमा छलफल गरियो ।

२) बेरुजु असुली सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. २०७९।८०, चलानी नं ५००, मिति २०८०।०१।१२ को जानकारि पत्र प्राप्त भएकाले सोही अनुसार असुली तथा फछ्यौंट गर्ने प्रतिवद्ध रहने ।